# कार्यपालिका बैठकका निर्णयहरु

**प्रस्तावहरुः**

१. बजेट शिलिङ निर्धारण सम्वन्धमा
२. विद्यालय व्यवस्थापन समिति गठन सम्वन्धमा
३. रकमान्तर तथा स्रोत व्यवस्थापन सम्वन्धमाः
४. विविध

## निर्णयहरु

### १. आ.व. २०७९/८० को बजेट तयारी एवम बजेट शिलिङ निर्धारण सम्वन्धमा

यस गाँउकार्यपालिकाको मिति २०७९/०२/२३ गतेको बैठकबाट गठित स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०७९/०२/२६ गतेको बैठकबाट सर्वसम्मत रुपमा निर्णय भई आएबमोजिम यस गाँउपालिका अन्तर्गतका विषयगत शाखा र वडा कार्यालयहरुलाई आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम विनियोजनको लागि देहाय अनुसार शिलिङ कायम गर्ने ।

क) प्रत्येक वडाको वडास्तरीय योजनाका लागि — रु १ करोड प्रति वडा
ख) शिक्षा तर्फका कार्यक्रमको लागि — १ करोड ६५ लाख
ग) स्वास्थ्य तर्फका कार्यक्रमको लागि — ८५ लाख
घ) कृषि क्षेत्र अन्तर्गतका कार्यक्रमको लागि — ७० लाख
ङ) पशु विकास तर्फका कार्यक्रमको लागि — ५० लाख
च) सहकारी, राजश्व, व्यवसाय - १५ लाख
छ) महिला विकास शाखाका कार्यक्रमको लागि — १५ लाख
ज) न्यायिक समिति अन्तर्गतका कार्यक्रम - २० लाख
झ) सामुदायिक विकास कोष अन्तर्गतका कार्यक्रम - ५ लाख

**जम्मा १० करोड २५ लाख**

- उपरोक्त बजेट शिलिङ अनुसारका योजनाहरु वडा समितिले प्रत्येक टोल बस्तीबाट माग संकलन गरी वडा समितिको निर्णयसहित गाँउपालिकाले तोकेको ढाँचाअनुसार मिति २०७९/३/३ गतेभित्र गाँउपालिकाको आर्थिक प्रशासन शाखामा पेश गर्ने ।
- वडागत शिलिङ अनुसारका कार्यक्रम तथा योजना पेश गर्दा आफ्नो क्षेत्रभित्र रहेका स्वास्थ्य संस्था र विद्यालयको भौतिक पूर्वाधारको लागि समेत बजेटको व्यवस्था गर्ने, वडामा आकस्मिक रुपमा भैपरि आउने पूर्वाधारजन्य योजनामा वडा समितिको निर्णयानुसार खर्च गर्न मिल्ने गरी सबै वडाले ***आकस्मिक पूर्वाधार*** शिर्षकमा ५ लाख रुपैया बजेट विनियोजन गर्ने ।
- विषयगत शाखाहरुले कार्यक्रम तय गर्दा संघ र प्रदेशबाट विनियोजित कार्यक्रमसँग दोहोरो नपर्ने गरी गाँउपालिका अध्यक्ष, उपाध्यक्ष र विषयगत समितिका संयोजक सँग समन्वय गरी मिति २०७९/३/५ गतेभित्र गाँउपालिकामा पेश गर्ने ।

- बजेट सिलिङको परिधिभित्र रहि अन्य योजना तथा कार्यक्रमहरु गाँउपालिकास्तरीय योजनाको रुपमा अध्यक्ष र उपाध्यक्षले सम्बन्धित पक्षहरुको समन्वयमा तयार गरी पेश गर्ने ।
- प्रशासनिक तथा चालु खर्च तर्फका कार्यक्रमहरु गाँउपालिका प्रशासनले तयार गर्दा संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त राजस्व बाँडफाँडको सीमा तथा आन्तरिक आयको परिधिभित्र रही तयार पारी पेश गर्ने ।
- आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको तयारीको लागि प्रत्येक विषयगत समितिका संयोजकहरुले आफ्नो क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रममा समेटिनुपर्ने मुख्य मुख्य बुदाहरु तयार गरी मिति २०७९/३/५ गतेभित्र गाँउपालिकामा पेश गर्ने ।

२. **विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा**

संघीय शिक्षा ऐन र यस गाँउपालिका अन्तर्गतको स्थानीय शिक्षा ऐनमा सामुदायिक विद्यालयहरुको विद्यालय व्यवस्थापन गठन सम्वन्धमा फरक फरक व्यवस्था भएका कारण समिति गठनमा विवाद भई विद्यालयको व्यवस्थापकीय एवम शैक्षिक गतिविधीहरुमा समेत असर परेकोले हाललाई विद्यालय व्यवस्थापन समिति गठन गर्न बाँकी रहेका विद्यालयहरुमा संघीय शिक्षा ऐनको प्रावधान बमोजिम गठन गर्न निर्देशन दिने साथै स्थानीय शिक्षा ऐनलाई संघीय शिक्षा ऐन अनुकुल हुने गरी संसोधन गर्नको लागि आगामी गाँउसभामा पेश गर्ने ।

३. **रकमान्तर तथा स्रोत व्यवस्थापन सम्वन्धमा:**

यस गाँउपालिका गाँउकार्यपालिकाको मिते २०७९/२/२३ को निर्णय बमोजिम रकमान्तरको लागि पेश भएका चालु आ.व. का देहायका योजनाहरु देहाय अनुसार संसोधन गरी कार्यान्वयनका लागि निर्देशन दिने ।

| चालु आ.ब को लागि तोकिएको साविकको योजना | विनियोजित रकम | संसोधन भई कायम हुने योजना | रकम | कैफियत |
|---|---|---|---|---|
| शि.नं २२५२२ महिला क्षमता विकास तथा आयमूलक कार्यक्रम वडा नं १ | २ लाख | टुटेपिपलदेखि गा. पा जाने ३० फुट बाटोमा नाला निर्माण | ३ लाख | |
| शि.नं २२६१२ सम्मान तथा भ्रमण कार्यक्रम वडा नं १ | २ लाख | वडा नं १ स्थित बिभिन्न नाली सरसफाई गर्ने कार्य | १ लाख | |
| शि.नं ३११५९ बर्दिहवा छठघाट निर्माण वडा नं २ | २ लाख | वडा नं २ स्थित बिभिन्न नाली सरसफाई गर्ने कार्य | ३ लाख | |
| लक्ष्मीनारायण मन्दिर निर्माण वडा नं २ | १ लाख | | | हिउदे सभाबाट रकमान्तर भएको योजना |
| शि.नं २२५२२ स्वच्छ वातावरण सचेतनामूलक कार्यक्रम वडा नं ४ | ३ लाख | वडा कार्यालय मर्मत तथा टायल जडान | ३ लाख | |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ठूलो बालापुर करणमाई मन्दिरदेखि उत्तर जाने बाटो बसुन्धरा ज्ञवालीको घरसम्म पि सि सि ढलान वडा नं ४ | ४ लाख | श्रीराम जानकी मन्दिरको अधुरो पर्खाल निर्माण वडा नं ४ | ४ लाख | |
| सिचाईको लागि बोर पाईप हेण्ड पाईप जडान गर्ने कार्य वडा नं ५ | ५ लाख | हेम पाईप तथा सडक मरमत गर्ने कार्य वडा नं ५ | ५ लाख | |
| गौरी शिव मन्दिर रंग रोगन गर्ने काम वडा नं ५ | ५० हजार | वडा कार्यालय स्थित शौचालय रंगरोगन | १ लाख | |
| भैलु भुजा पम्प १७ पटखौली मरमत गर्ने काम वडा नं ५ | ५० हजार | | | |
| नौडिहवा देखि सहदौनिया जाने बाटो निर्माण वडा न ६ | १ लाख ५० हजार | वडा कार्यालयभित्र टायल जडान कार्य वडा नं ६ | १ लाख ५० हजार | |
| छोटकी रामनगर मा.वि. को छेउमा बाटो निर्माण | १ लाख | ह्युम पाईप जडान तथा मर्मत कार्य वडा नं ६ | १ लाख | |
| शि.नं ३११५१(९.९२) मझौली गाँउमा बाटो गल्ली पि.सि.सि | ५ लाख | गा.पा. भित्रका विभिन्न बाटोमा खाल्टा पुर्ने कार्य | ९ लाख | |
| शि.नं ३११५१(९.९१) सानो बालापुर विभिन्न गल्ली ढलान | ४ लाख | | | |
| | | | | |
| | | | | |

४. विविधः

क) नदीजन्य पदार्थ तथा माटोको गैरकानूनी रुपमा उत्खनन तथा चोरी निकासी भएको पत्ता लागेमा उक्त कार्यलाई तत्काल नियन्त्रणमा लिनको लागि सम्पूर्ण जनप्रतिनिधी, कर्मचारी एवम गाँउपालिकाले प्रतिबद्ध भई कार्य गर्ने । उक्त कार्यलाई नियन्त्रण गर्नको लागि नगर प्रहरी तिव्र रुपमा परिचालन गर्ने तथा जिल्लास्थित अन्य सुरक्षा निकायलाई समेत सहयोगको लागि अनुरोध गर्ने । गैरकानूनी रुपमा ओसारप्रसार तथा उत्खननमा प्रयोग भई नियन्त्रणमा लिईएका सवारी साधनमा रहेको नदीजन्य पदार्थ तथा माटो जफत गरी देहाय अनुसार जरिमाना निर्धारण गर्ने ।

- हाईवा- रु २५००० प्रति हाईवा
- जेसिवी- रु २५००० प्रति जेसीबी
- टिप्पर — रु १५००० प्रति टिप्पर
- ट्याक्टर — रु ७००० प्रति ट्याक्टर

ख) नदीजन्य पदार्थको चोरी निकासी एवम माटोको अवैध रुपमा उत्खनन तथा ओसारपसार नियन्त्रण गर्ने कार्यमा सहयोग गर्ने सुरक्षा निकाय एवम नगर प्रहरीको समेत प्रोत्साहीत गर्नको लागि २०७८ श्रावण १ गते देखि चोरी निकासी वापत जम्मा भएको जरिमाना रकमको २५ प्रतिशत रकम सम्बन्धित सुरक्षा निकायलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने । गाँउपालिकाको नगर प्रहरीको एकल प्रयासमा नियन्त्रणमा आई जरिमाना

२०७८/१२/२६

गौतम
प्रमुख प्रशासकीय अधिकृत

असुली भएको खण्डमा जरिमाना रकमको १० प्रतिशत रकम सम्वन्धित नगर प्रहरी हरुलाई प्रोत्साहन स्वरुप उपलब्ध गराउने ।

ग) आर्थिक सहायता सम्वन्धमा

- ओमसतिया -५ निवासी यस गाँउपालिकामा कार्यरत नगर प्रहरी लाल बहादुर मल्लाहको छोरीको आकस्मिक रुपमा दुर्घटनामा परी शल्यक्रिया गर्न परी औषधि उपचारमा समेत ठूलो रकम खर्च हुने भएको तथा निजको आर्थिक अवस्था समेत कमजोर रहेकोले गाँउपालिकाको तर्फबाट रु २० हजार रकम आर्थिक सहायता प्रदान गर्ने ।
- सम्वन्धित वडा कार्यालयबाट सिफारिस भएर आएबमोजिम ओमसतिया गाँउपालिका वडा नं ३ निवासी बैजनाथ चौधरी थारुको छोरा रुद्र चौधरीको औषधि उपचार प्रयोजनार्थ रु १० हजार आर्थिक सहायता प्रदान गर्ने ।

घ) यस गाँउपालिका गाँउकार्यपालिकाको मिति २०७८/१२/१० को निर्णयबाट स्थगित भएका योजना सम्झौताका कार्यहरु यसै आ.व.मा सम्पन्न नगरी नहुने तथा १५-२० दिनमै सम्पन्न हुने खालका भएमा सम्वन्धित वडा कार्यालयको सिफारिसका आधारमा गर्ने गरी मिति २०७९/३/३ सम्मको लागि जारी राख्ने ।

सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत